म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष ११, अंक २४७ शनिवार ३ बैशाख २०७९ शुक्ल पूर्णिमा ने. सं. ११४२ चिल्लाथ्व 16 April, 2022 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु.

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

साझाकुरा

राष्ट्रिय दैनिक

www.sajhakuranews.com

उद्योग, व्यवसाय गरौं र आत्मनिर्भर बनौं।

- स्थानीय श्रोत साधनको उपयोग गरी उद्योग गरौं, उद्यमी बनौं,
- आयातलाई प्रतिस्थापन गरौ र निर्यातलाई बढाऔं,
- उद्योगी र व्यवसायीको सम्मान गरौं,
- पूँजी निर्माणमा सहयोग गरौं,
- परनिर्भरता घटाऔं, आत्मनिर्भरता बढाऔं,
- देशको अर्थतन्त्रमा टेवा पुऱ्याऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

# प्रदेशको सुरक्षा अधिकार काटौती, संघ सरकारविरुद्ध अदालत जाने

साझाकुरा संवाददाता

हेटौंडा, २ वैशाख/ संघीय सरकारले बागमती प्रदेश सरकारको शान्ती सुरक्षा सम्बन्धि अधिकार कटौती गरेको छ ।


संघीय व्यवस्थाअनुसार प्रदेश प्रहरी गठन गर्नुको सट्टा संघीय सरकारले संविधानले प्रदेशलाई दिएको अधिकारपनि कटौती गरेको हो । संघीय सरकारले अध्यादेशमार्फत प्रदेश सरकारसँग समन्वय नै नगरी संविधानले प्रदेशलाई दिएको अधिकार कटौती गरेको छ ।

आफूहरुसँग जानकारी समेत नगराई अधिकार कटौती गरेको भन्दै प्रदेश सरकार संघीय सरकारसँग असन्तुष्ट बनेको छ । शान्ति सुरक्षाको जिम्मा प्रदेश प्रहरीको हुने संवैधानिक व्यवस्था विपरीत सरकारले काठमाडौं, ललितपुर र भक्तपुरको जिम्मा सिधै केन्द्रको हुने गरी अध्यादेश ल्याएको छ । संविधानको धारा ५६ को दफा ३ अन्तर्गत अनुसूची ४ मा प्रदेशभित्रको शान्ति सुरक्षा जिम्मा प्रदेश सरकारको हुने व्यवस्था छ ।

यही व्यवस्था कार्यान्वयन गर्न नेपाल प्रहरी र प्रदेश प्रहरी (कार्यसञ्चालन, सुपरिवेक्षण र समन्वय) ऐन, २०७६ बनेको छ । तर ऐन लागू गर्नुको सट्टा अध्यादेशमार्फत संशोधन गरी अधिकार केन्द्रमा तानिएको छ ।

अध्यादेश जारी भएपछि बागमती प्रदेश सरकारको अधिकार कटौती भएको छ र उपत्यकाका तीन जिल्लाको शान्तिसुरक्षा र अपराध अनुसन्धानको अधिकार केन्द्र मातहत गएको छ । नेपाल प्रहरी र प्रदेश प्रहरी ऐन संशोधन गरेर सरकारले प्रदेशको अधिकार कुण्ठित गर्न खोजेको आरोप लागेको छ ।

तत्कालीन नेकपाको प्रदेश सरकारलेपनि उपत्यका प्रहरीको अधिकारको सम्बन्धमा संघीय सरकारको ध्यानाकर्षण गराएको थियो । तत्कालीन आन्तरिका ममिला तथा कानुन मन्त्री शालिकराम जम्मकट्टेलले उपत्यको सुरक्षा जिम्मा प्रदेश सरकारले गर्नुपर्नेमा अडिक थिए । तर, संघीय सरकारले



त्यतिबेलै उपत्यकाको सुरक्षा सम्बन्धि प्रदेश सरकारलाई अंकुश लगाउँदै आएको थियो । गतवर्ष साउनमै संघीय सरकारले काठमाडौं उपत्यकाको शान्ति सुरक्षाको व्यवस्थापन सरकार मातहत राख्ने व्यवस्था गर्न लागेपछि दुई सरकार बीच असमझदारी बढेको थियो ।

प्रदेश प्रहरी प्रदेश सरकार मातहत रहने व्यवस्था संविधानमा छ । संविधानको धारा ५७ को अनुसूची ५ र ७ मा संघ र प्रदेशको एकल तथा साझा अधिकार सूचीअन्तर्गत शान्ति सुरक्षालाई पनि राखिएको छ । तर, अनुसूची ६ मा रहेको प्रदेशको एकल सूचीमा उल्लिखित प्रहरी प्रशासनको अधिकार संघ र प्रदेशको साझा अधिकार सूचीमा समावेश नभएकाले प्रदेशले प्रदेशअन्तर्गतको प्रहरी प्रशासन सम्बन्धि सम्पूर्ण व्यवस्थापन एकल रुपमा गर्न पाउनेछ ।

संघ सरकारले अधिकार कटौती गरेपछि प्रदेश सरकार रुष्ट बनेको छ । बागमतीका आन्तरिक मामिला तथा कानुन मन्त्री कृष्णप्रसाद शर्मा खनालले सरकारको निर्णय स्वीकार नहुने बताए ।

'संविधान र संघीयताको मर्म र संविधानले परिभाषित गरेको कुरा अनुसार सुरक्षाको अधिकार कटौती गर्न मिल्दैन् । संविधानले सातवटा प्रदेशमात्रै चिन्छ । काठमाडौं उपत्यका भनेर चिन्दैन् । उपत्यका बागमती प्रदेशभित्रकै एउटा अंग हो । हाम्रो अधिकार कटौती भएको छ, यसलाई हामी स्वीकार गर्दैनौं । मान्दैनौ ।,' मन्त्री खनालले *साझाकुरासँग* भने । जनताको रगत र जीवनसँग साटेर ल्याएको व्यवस्था विपरित भएका कामलाई स्वीकार गर्न नसकिने उनको भनाई छ । सुरक्षाको अधिकार कटौतीका विषयमा संघीय सरकारविरुद्ध अदालत जाने उनले बताए । प्रदेश प्रहरीको अधिकार कटौती गर्ने निर्णय आपत्तिजनक र संविधानविरोधी रहेको भन्दै यो संशोधित कानुनविरुद्ध सर्वोच्च अदालत जाने बताए ।

त्यसो त अहिले शान्ति सुरक्षाको व्यवस्था र प्रहरी खटनपटन केन्द्रबाटै हुँदै आएको छ । समायोजन र कार्यसञ्चालन सुपरिवेक्षण ऐन लागू भइनसकेका कारण यही अभ्यासलाई कामचलाउका रुपमा प्रयोग गरिँदै आएको छ ।

पछिल्लो पटक अध्यादेशबाट ऐन संशोधन भएपछि कानुनअनुसार नै तीन जिल्लाको सुरक्षा व्यवस्थापन र अपराध अनुसन्धान अधिकार नेपाल प्रहरीमातहत आएको हो । ऐन ल्याउनुअघि केन्द्र सरकारले सामान्य सोधपुछ र जानकारीसमेत नगराएको बागमती प्रदेशका आन्तरिक मामिला तथा कानुनमन्त्री कृष्णप्रसाद शर्मा खनालले बताए ।

# चार जनाले मात्रै बुझाए हातहतियार

साझाकुरा संवाददाता

हेटौंडा, २ वैशाख/जिल्ला प्रहरी कार्यालय मकवानपुरमा ४ जनाले आफूसँग भएको इजाजत प्राप्त हातहतियार बुझाएका छन् ।

जिल्ला प्रशासन कार्यालय मकवानपुरले जिल्लाभित्र रहेका इजाजत प्राप्त हातहतियारहरु चैत मसान्तभित्र अनिवार्य रुपमा बुझाउन आग्रह गरेपनि ४ जनाले मात्र हतियार बुझाएका हुन् । प्रशासनले आगामी ३० वैशाखमा हुने स्थानीय तह निर्वाचनको सुरक्षा संवेदनशीलतालाई मध्यनजर गर्दै इजाजत प्राप्त हतियार बुझाउन सूचना जारी गरेको थियो । मकवानपुरमा करिब ५० जनाले हातहतियार राखेका छन् । जनप्रतिनिधिसहित ५० जनाको हाराहारीमा प्रशासनबाट इजाजत लिएर सुरक्षाका लागि हतियार राखेका हुन् । स्थानीय निर्वाचनलाई भरभर्दो तथा विश्वसनीय बनाउन मकवानपुर प्रशासनले इजाजत प्राप्त हातहतियार नजिकको प्रहरी चौकीमा बुझाउन अनुरोध गरेपनि सबैले नबुझाएका हुन् ।

जिल्ला प्रहरी कार्यलय मकवानपुरका प्रहरी प्रवक्ता टेकबहादुर कार्कीले ४ जनाले मात्र प्रहरी कार्यलयमा हतियार बुझाएको जानकारी दिए । जिल्लामा दर्ता गराएका ४९ थान हातहतियार मध्ये ४ जनाले मात्र हतियार बुझाएका हुन् । जिल्ला प्रशासन कार्यलय मकवानपुरका सहायक प्रमुख जिल्ला अधिकारी बद्रीनाथ गैह्रेले हतियार नबुझाउनेहरुको विषयमा सुरक्षा समितिको बैठक बसेर आवश्यक निर्णय लिईने बताए । उनले जिल्लामा ४९ थान हातहतियार दर्ता भएकोमा उक्त हतियारहरु ३८ जना व्यक्ति र संस्थाहरुको नाममा रहेको बताए ।






# एन्फा निर्वाचनका लागि 'सी'का प्रतिनिधि छानिए

काठमाडौं/दुई महिनापछि हुने अखिल नेपाल फुटबल संघ (एन्फा) को निर्वाचनका लागि सी डिभिजन क्लबले प्रतिनिधि चयन गरेका छन् । १४ सी डिभिजन क्लबबाट ९ क्लबले मदाधिकार पाउने व्यवस्था छ ।




प्रतिनिधि छनोटका शुक्रबार निर्वाचन भएको थियो । जसमा मनोहरा एकिकृत युवा क्लबले सर्वाधिक १४ मत प्राप्त गरेको थियो । वीरगन्ज युथ क्लब, प्लानिङ व्वाइज युनाइटेड, महावीर स्टडिज एन्ड एसोसिएसन, आर.सी ३२ फुटबल एकेडेमीले समान ९ मत प्राप्त गरेका थिए । खालीबारी युवा क्लब, पुल्चोक स्पोर्टस् क्लब र स्वयम्भु क्लबले समान ८ मत प्राप्त गरे । गोलाप्रथामा सामाजिक कल्याण खेलकुद केन्द्रले पनि मताधिकार प्राप्त गरेको छ । समाजिक र झापा फुटबल क्लबले समान ७ मत प्राप्त गरेपछि गोलाप्रथा भएको थियो । पराजित स्पोर्टस एकेडेमी साँगा, सानोपा क्लब, रानीवन स्पोर्टस क्लबले समान ६ र ओसिस क्लबले ५ मत प्राप्त गरे ।

एन्फा केन्द्रिय समितिमै भएका व्यक्ति सी डिभिजन क्लबको प्रतिनिधिका रुपमा सीको भेलामा उपस्थित भएपछि यसअघिका लागि तय भएको निर्वाचन स्थगित भएको थियो । एन्फाको निर्वाचन असार ६ गतेका लागि तय भएको छ । -हाम्रोखेलकुद


## कर्मचारी आवश्यकता

यस हिडम्बा अटो प्रा.लि.(महिन्द्रा एण्ड महिन्द्राकोडिलरको) लागि लेखापाल आवश्यकता भएको हुँदा निम्न लिखित, योग्यता भएको ईच्छुक व्यक्तिले सम्पर्क गर्नुहोला ।

१. अनलाईन बिलिङ्ग सम्बन्धि ज्ञान भएको
२. योग्यता : Batchlor Clear
३. कर, सम्बन्धि ज्ञान भएको
४. तलब सुविधा : आपसी समझदारीमा

कम्प्युटर सम्बन्धि दक्ष भएको हुनु पर्ने छ ।

सम्पर्कः हिडम्बा अटो प्रा.लि.
अफिस समयमा बिहान ९ बजेदेखि ५ बजे साँझसम्म
हेटौंडा-१, चौकिटोल, ९८४५६०४३९३, ९८४५०२५९९७, ९८४५८२९०१५, ०५७-५२२००७

## सम्पूर्ण ब्राण्डका गाडी

एकै ठाउँमा सम्पूर्ण सेवासहित

सेवाहरूः

- कार वास भित्र/बाहिर
- वाइरिङ मर्मत
- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक बेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**

हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३

अन्तर्राष्ट्रिय स्तरको TUV सर्टिफाईड

## नेपालकै उत्कृष्ट फनपार्क

चितवनको लंकू, धर्मचोकमा




New Year Offer बैशाख १ देखि ३ गते खरिद गरिएको टिकटले वर्षको अन्त्यसम्म तीन पटकसम्म पुनः प्रयोग गर्न मिल्ने

**James World Fun Park**

Phone No. 057-522723, Adwait Chowk, Lanku, Chitwan

यस पृष्ठमा प्रकाशित साहित्य बाहेकका सामग्रीहरु विभिन्न वेभसाइट, सामाजिक सञ्जाल तथा एजेन्सीहरुबाट साभार गरिएका हुन् ।

facebook twitter Google **विज्ञान/प्रविधि**

# सामसङ इलेक्ट्रोनिक्सले जित्यो एकै पटक ७१ वटा अन्तर्राष्ट्रिय अवार्ड

काठमाडौ/सामसङ इलेक्ट्रोनिक्सले अन्तर्राष्ट्रिय डिजाइन अवार्डमा एकै पटक तीनवटा गोल्ड मेडल सहित ७१ वटा अवार्ड जितेको छ । जर्मन अन्तर्राष्ट्रिय डिजाइन कम्पिटिसन २०२२ मा सामसङ इलेक्ट्रोनिक्से टेलिभिजन, स्मार्ट फोन र अन्य घरेलु उपकरण लगायतक विषयमा यी अवार्ड जितेको हो ।

जर्मन अन्तर्राष्ट्रिय डिजाइन प्रतियोगिताको अन्तर्राष्ट्रिय फोरम (आइएफ) मा सामसङले विभिन्न नौ वटा विधामा ती अवार्ड हात पारेको हो । त्यसमध्ये, पोर्टेबल स्क्रिन द फ्रिस्टाइल, मोबाइल फोन ग्यालेक्सी जेड फ्लिप ३ र वायरलेस भ्याकुम क्लिनर बेस्पोक स्लिमका लागि गोल्ड अवार्ड प्राप्त गरेको हो । प्रतियोगितामा सामसङका ५५ देसका ११ हजार आवदेन मध्येबाट ती अवार्ड जितेको हो ।




डिजाइन अवार्डका नौ विधामा उत्पादन, प्याकेजिङ, सञ्चार, व्यवसायीक अवधारणा, आन्तरिक वास्तुकला, वास्तुकला, सेवा अनुभव डिजाइन, प्रयोगकर्ताहरुमा भिन्नता र प्रभावको ब्यापक मूल्यांकन थिए । त्यसक्रममा सामसङ इलेक्ट्रोनिक्स डिजाइन सेन्टरका कार्यकारी उपाध्यक्ष जिन्सु किमले डिजाइनका लागि परिवर्तनशील मूल्यहरूलाई नवीन प्रविधिहरूसँग जोड्नु महत्वपूर्ण भएको बताए । उनले भने, 'हामी एक अर्थपूर्ण अनुभव प्रदान गर्न प्रतिबद्ध छौं । जसले ग्राहकहरूको विभिन्न मागहरू पूरा गर्छ ।' - साभार: सेतोपाटी

**यौन/जीवनशैली**

# यसकारण लाग्दैन रातमा निद्रा

काठमाडौं/ शरीर र मस्तिष्कको तन्दुरुस्तीका लागि निद्राको प्यार्टन सही हुन आवश्यक छ । निद्रा खराब हुँदा डिप्रेशन, बेचैनी, मोटोपना जस्ता समस्याहरुको सिकार हुने गरिन्छ । हालै भएको एक अध्ययनले निद्रा बिग्रिने कारणहरु पत्ता लगाएका छन् । जसमा तनाव, पैसाको चिन्ता र कोठाको तापक्रम सही नहुनु भएको खुलाएका छन् ।

लगभग २ हजार मानिसहरुमा गरिएको अध्ययनका अनुसार करिब ३८ प्रतिशत मानिसहरु असहज ओछ्यानका कारण पर्याप्त निन्द्रा पुर्याउन पाउँदैनन् । यसैगरी, ३६ प्रतिशत मानिसहरु सँगै सुत्ने व्यक्तिले घुर्ने समस्याका कारण निदाउन पाउँदैनन् । साथै, रातिमा आउने ठूला आवाजहरु, झ्यालबाट आउने उज्यालो, क्याफिन भएको पिउने पदार्थ जस्ता कुराले मानिसको निन्द्रा उडाउँछ ।

यसका साथै, फोनबाट आउने उज्यालोले पनि निद्राको अवस्थालाई डिस्टर्ब गर्छ । सुत्नुअघि फोनमा सामाजिक सञ्जाल चलाउने १४ प्रतिशत, गेम खेल्ने १२ प्रतिशत, पढ्ने १३ प्रतिशत व्यक्तिहरुमा अनिद्राको समस्या अत्यधिक पाइएको थियो ।

फर्निचर रिटेलर डीएफएसले गरेको अनुसन्धानका अनुसार निन्द्रा नपुगेका व्यक्तिहरुका लागि रातिमा करिब चार घण्टा अतिरिक्त निदाउन आवश्यक छ । 'स्लीप अनलिमिटेड' का क्लिनिकल डाइरेक्टर 'टिचिङ द वर्ल्ड टू स्लीप' का लेखक डा. डेभिड लिले भने, 'हामीले महामारीको नतिजाको रुपमा



मानिसहरुको रुटिन टाइममा धेरै परिवर्तन देखेका छौं । त्यसैले धेरै व्यक्तिहरु बेडटाइम रुटिनलाई सन्तुलनमा राख्न संघर्ष गरिरहेका छन् ।

विशेषज्ञहरुले निद्राको कमिले चिन्तित व्यक्तिहरुले आफ्नो बेडरुमलाई फेरि व्यवस्थित गर्न आवश्यक भएको बताएका छन् । अफिसका लागि तयार हुने, पढाइ गर्ने वा इलेक्ट्रिकल डिभाइसको प्रयोगका लागि घरमा अर्को ठाउँ बनाउने, बेड रुम सुत्नका लागि मात्र प्रयोग गर्ने गर्दा यो समस्या कम हुँदै जाने विशेषज्ञहरु बताउँछन् । यसका साथै, हामी सुत्ने म्याट्रेस वा तकियाले पनि निद्राको क्वालिटीमा नराम्रो असर पार्छ । त्यति मात्र होइन घरको आसपास भावनात्मक र भौतिक अवस्थाले पनि निद्रा प्रभावित गर्छ । त्यसैले आरामदायी निद्राका लागि आरामदायी ओछ्यानको आवश्यकता पर्छ ।

अध्ययनका अनुसार तनाव, कोठाको तापक्रम, ओछ्यान, तकिया, पैसाको चिन्ता, धेरै उज्यालो, क्याफिनयुक्त पेयपदार्थ, गाडीको आवाज, कार्यालयको चिन्ता, मद्यपान, मोबाइलको प्रयोग आदिले निद्रालाई असर पार्ने गर्छ । -साभार: रातोपाटी

# यौन आनन्दको ज्ञानले सुरक्षित यौन व्यवहारबारे बुझाउन सकिने: डब्ल्यूएचओ

बिबिसी- यौन सन्तुष्टिबारेको शिक्षाका आधारमा सुरक्षित यौन व्यवहारको महत्त्व बुझाउने सन्देश प्रभावकारी रूपमा फैलाउन सहयोगी हुने विश्व स्वास्थ्य संगठन (डब्ल्यूएचओ)का अध्ययनकर्ताहरूले बताएका छन् ।

उनीहरूको अध्ययनको निष्कर्षका अनुसार असुरक्षित यौन व्यवहार कति खतरापूर्ण हुन्छ भनेर गरिने सचेतना अभियानहरूले भन्दा यौन सन्तुष्टिका बारेमा सिकाउने कार्यक्रमहरूले कन्डमको प्रयोग बढाएको देखिएको छ । स्वास्थ्यको ख्याल गर्नका लागि मानिसहरूलाई डरको भन्दा आनन्दको सन्देशले बढी प्रेरित गर्ने उनीहरूको भनाइ छ ।

सो अध्ययन प्रतिवेदनका एकजना लेखकले यौन व्यवहार एकैपटक सुरक्षित र आनन्ददायक दुवै हुनसक्ने बताएका छन् । उनले विश्वभर अरबौं डलर रकम प्रत्येक वर्ष यौन र प्रजनन स्वास्थ्य र अधिकारसबन्धी सेवामा खर्च भैरहेपनि त्यस्ता धेरै कार्यक्रमले मानिसहरूले यौन सम्बन्ध किन राख्नछन् भन्ने आधारभूत कारणलाई नै सम्बोधन नगर्ने बताएका छन् । त्यस्तो कारण भनेको आानन्द अनुभव गर्नकालागि हो भन्ने उनीहरूको भनाइ छ । सन् २००४ मा जनस्वास्थ्य विज्ञ एन फिल्पोटले डब्ल्यूएचओको टोलीसँग काम गरेको द प्लेजर प्रोजेक्ट सुरु गरेकी थिइन् । उनले "एड्सबारेका अनगिन्ती छलफलहरूमा कसैले पनि किन मानिस यौनप्रति आकर्षित हुन्छन् भन्ने कुरा नउठाएपछि दिक्क भएर" सो प्रोजेक्ट सुरु गरेकी बताएकी छन् ।

उनी भन्छिन्: 'यौनका लागि सम्भवत: सबैभन्दा शक्तिशाली उत्प्रेरणा त्यसबाट प्राप्त हुन सक्ने आनन्द हो तर पनि यो कुरा यौन शिक्षा वा यौन स्वास्थ्यसम्बन्धी कार्यक्रममा चर्चा भएको देखिँदैन ।'

'यदि धेरै मानिसलाई तपाईँलाई दिइएको यौन शिक्षाले आफ्नाे जोडीसँगको सम्बन्ध र यौन जीवन राम्रो बनाउन सहयोग गर्‍यो' भनेर सोध्दा उनीहरूले छैन भन्छन् ।

'यौन सुरक्षित हुन सक्छ र आनन्ददायक पनि हुन सक्छ । यो खुला संवाद गर्ने र मानिसहरूमा आत्मविश्वासको भावना जगाउने विषय हो ।

विश्वभर प्रत्येक दिन १० लाख यौन रोग संक्रमणका घटना हुने गरेका छन् । तीमध्ये धेरै विनालक्षणका हुन्छन् । कन्डमको प्रयोगले ती संक्रमण रोक्नुका साथै अनिच्छित गर्भधारण पनि रोक्न सघाउँछ । फिलपोटले कन्डमलाई यौनका बेला डर, अन्योल र आशंका कम गर्न सघाउने आनन्ददायी साधनका रूपमा प्रचार गरेर बेचिनु पर्ने बताएकी छन् डब्ल्यूएचओका अध्ययनकर्ताहरूले विभिन्न सुरक्षित यौनसम्बन्धी परियोजना र व्यवहार परिवर्तनमा तिनको प्रभावकारीताका बारे अध्ययन गरेर यस्तो निष्कर्ष निकालेका हुन् ।

उनीहरूले ३३ परियोजनाहरूले सुरक्षित यौनसम्बन्धी सन्देश फैलाउने क्रममा यौनानन्दलाई विचार गरेको र ती कन्डम प्रयोग बढाउनका लागि यौन रोग र जोखिम न्यूनीकरणका अन्य परियोजनाभन्दा सफल रहेको पाएका छन् । उनीहरूले यौनका विषयमा सहमति, स्वस्थ व्यवहार र सुरक्षाका बारेमा शिक्षा दिने कार्यक्रममा आनन्द, इच्छा र रमाइलोका बारेमा पनि कुरा हुँदा बढी प्रभावकारी हुने बताएका छन् ।

प्रतिवेदनका सह-लेखक डब्ल्यूएचओका डा. लियान गोन्साल्भेसले भनिन्: 'यो समीक्षाले साधारण कुरा भन्छ: मानिसले किन यौन सम्बन्ध राख्छन् भन्ने कुरा समेटिएको कार्यक्रमले यौन स्वास्थ्यका बारेमा राम्रो नतिजा दिन्छन् ।'

यो निष्कर्षले यौन र प्रजनन स्वास्थ्य र अधिकार क्षेत्रमा काम गर्नेहरूलाई मानिसलाई सुरक्षित, सहमतिपूर्ण र आनन्दमय यौन व्यवहारका बारेमा ज्ञान दिने सेवालाई प्राथमिकता दिन प्रेरित गर्ने आशा छ ।

-साभार: स्वास्थ्यखबर

**साहित्य**

# चुनाव र लोकतन्त्र



- कुसुम ज्ञवाली

चुनाव मुखैमा थियो लालपुरमा ।

लोकतन्त्रलाई नै द्रौपदी जस्तै चीर हरण गर्दैछन् लालपुरमा भन्ने खवर देवलोकमा पनि पुग्यो । देवलोकले बुद्धलाई लालपुरका ती दु: शासन जस्ता लठैतहरुलाई दण्डित गर्ने जिम्मा सुम्पे ।

बुद्धलाई ती लोकतन्त्रको नाम जपेर नथाक्ने पशुहरुलाई दण्डित कसरी गर्ने भन्ने समस्या भयो, किनकि बुद्द हिंसा गर्दैनथे । थुनछेक गर्नु, कुटपिट गर्नु वा अपशब्द बोल्नु पनि हिंसा हुन जान्थ्यो । नरपशुहरुलाई ज्ञान-प्रवचनले छुदैनथ्यो, सुध्रदैनथ्यो । देवलोकको कार्यादेशको कागजात लिएर सो पुरा गर्न बुद्द कम्युनिस्टको भेष धारण गरेर लालपुर झरे । काँग्रेसका गुण्डाले बुद्धको बाटो रोके । साफसंग कुटेर बुद्दका हातखुट्टा भाचिदिएर हाटो लागे ।

अर्को दिन बुद्धले फेरि काग्रेसको भेषमा लालपुर पुगे । हिजोको कुटपिटको खवर कम्युनिस्ट बृत्तमा फैलिसकेको थियो । कम्युनिस्टका कार्यकर्ता पनि कहाँ अहिंसाबादी हुन्थे र, झुण्ड बनाएर बाटो कुरेर तैनाथ थिए । काग्रेस भेषका बुद्धलाई भेट्नासाथ मरुन्जेल कुटे । हातखुट्टा हिजो जस्तै गरेर फेरि भाचिदिएर उनीहरु बाटो लागे । अर्को दिन बुद्ध फेरि राजावादीको भेषमा लालपुर झरे । यसपल्ट भने काग्रेस र कम्युनिस्ट आपसमा मिलेर जाइ लागे । उनीहरुले फेरि बुद्धका टाउको समेत फुटाइदिए, उसैगरी हात खुट्टा भाँचिदिएर बाटो लागे ।

बुद्ध निरास हुने महामानव थिएनन्, न जिम्मेवारीबाट पलायन हुने कुनै जोगी थिए । उनी यसपल्ट भने अन्त्यन्त सुन्दर र चन्चल युवतीको भेष धारण गरेर फेरि लालपुर झरे । यसपल्ट भने गजबै भयो बुद्धलाई कसैले हात हालेन, कुन पार्टीको भनेर जान्ने चेष्टा पनि कसैले गरेन ।

कम्युनिस्ट, कांग्रेस र राजावादी तीनपक्षका मुश्डण्डेहरु युवतीमा कसको अधिकार हुने भन्ने निहुँमा आपसमा खुवसँग मारामार गरेर लडे । एकपक्षले एकअर्काका हात-खुट्टा भाचे दुबैपक्षका केही गुण्डा मारिए । आफ्नै संस्कारले दण्डित भएको बुद्धले मुस्कुराएर चुपचाप हेरिरहे, कार्यादिश सफलता पूर्वक पुरा भएको रिपोर्ट लेखेर देवलोकतिर लागे । -नेपाली साहित्यघर

# सय रूपैयाँको बाटो



काशीनाथ मिश्रित

मनोज र विजय संस्था नवीकरणको काम सकेर जिल्ला प्रशासन कार्यालयबाट बाहिरिए । डकुमेन्टहरूको फोटोकपी पनि गरिराखौं न त चाहिइहाल्छ क्यारे भन्ने सल्लाहगरेर उनीहरू दुवै नजिकैको फोटोकपी सेन्टरतिर लागे ।

उनीहरू दुवै दृष्टिविहीन भएकाले हातमा सेतो छडी थियो । छामछाम छुमछुम गर्दै पसलभित्रै पसेर बेन्चमा बसेका दुवैलाई देखे पनि पसले केही बोलेन । सम्भवत: उसले चन्दा माग्न वा अगरबत्ती बेच्न आएका ठान्यो । अरु ग्राहकलाई झै के काम थियो होला ? भन्ने जिज्ञासा पनि राखेन । 'यहाँ फोटोकपी हुन्छ ?' केहीछिनको मौनतालाई चिर्दै मनोजले सोध्यो ।

- 'हुन्छ, केको गर्नुपर्ने होला ?' पसलेले केही नम्र भएर प्रतिप्रश्न गरेको सुनेर विजयले भन्यो- 'गर्नुपर्ने धेरै नै छन्, हामी भन्छौं, तपाईंले हेरेर गरिदिनुहोस् ।'

संस्थाका विभिन्न प्रमाणपत्रहरू तथा लेखापरीक्षणका प्रतिवेदनहरू फोटोकपी गर्दैगर्दा पसलेले आफ्नो इमानदारीलाई नलुकाई ओकल्न थाल्यो- 'मैले त तपाईंहरूलाई अगरबत्ती बेच्न आएका होलान् भन्ठानेको थिएँ । सरासर पसलभित्र आएको देखेर अचम्म लाग्यो । अझ फोटोकपी गर्ने यस्ता कागजाद देख्दा त झन् छक्क परें । बाहिरैबाट सोध्थे अरुले त, तपाईंहरू भित्रै आउनुभयो । त्यसैले पनि केही बेर त कुरै गरिनँ ।

- 'हो, आम मानिसहरूको बुझाइ नै यस्तै छ । सबैलाई माग्ने वा सडकमा गीत गाएर हिंड्ने अथवा मैन बत्ती, अगरबत्ती बेच्नेको रूपमा हेरिन्छ । यसमा तपाईंको दोष नै के भयो र ?' मनोजले भन्दै गयो - 'म शिक्षक हुँ, विजय कर्मचारी हुन् । नेपालमा साढे चार सय जना त म जस्ता शिक्षक छन् । तपाईंको कुराले मलाई तिन वर्ष अघिको सम्झना गरायो । हामी एउटा तालिममा थियौं ।

हामी दुवै जना मिनरल वाटर किन्न भनेर यस्तै गरी पसल पसल चाहर्दा एउटाले पसल बाहिरै आएर हामीलाई हिजै दिएको हो हिजै ! भन्दै अर्को पसलतिर पाखुरामा समातेर लैजान खोज्दा म कड्कनु परेको थियो । अलिक झोक्किएर के हो हिजै दिएको ? कसलाई हो ?? हामी पानी किन्न आएका हौं के दिएका थियौ तिमीले हिजो हामीलाई ??? भनेपछि माफीसमेत मागेको थियो । यस्ता अनुभव त हामीले धेरै सँगालेका छौं । के गर्ने, अपाङ्गताप्रतिको दृष्टिकोण नै ठिक छैन समाजको ।

- 'ए', केही सम्झन खोज्दै विजयले भन्यो 'हिजो बजारमा हिँडेको बेला अगरबत्ती छ ? भनेर सोधेको त हामीलाई पो रहेछ मनोज दाइ !! हिजो उनीहरू हिँडिरहेको बेला बजारको कुनै पसलबाट चर्को स्वरमा आवाज आएको सुनेका थिए-'अगरबत्ती छ ?'

- हो, अहिलेसम्म यहाँ तपाईंहरू जस्ता जति पनि मानिसहरू आए ती धेरैजसो अगरबत्ती बेच्नकै लागि आए । म पनि बाहिर फेरो घुम्न नपाउने हुनाले तपाईंहरू जस्ता पढेलेखेका व्यक्तिहरूसित भेट्ने मौका पाएकै थिइनँ । मैले त अब सय रुपियाँले बाटो खोज्यो, ठिक्क पार है ! भनेर श्रीमतीलाई भनिसकेको पनि थिएँ तपाईंहरूलाई आएको देखेर ।' पसलेले आफूभित्रको कुनै कुरा लुकाएन । *-समकालिन साहित्य*

# अनुभूति



उज्वल दाहाल

एकै नाम गरेका हजारौं मानिस हुन्छन्
हजार मध्यको उत्कृष्ट त्यही हुन्छ
जो कोसिस गर्छ, सत्य बोल्छ
अनि आफैमा विश्वास राख्छ
जीवन एक अवसर हो राम्रो गर्नेको
केही पाउने र असल बन्नेको

यहाँनेर
कुनै चिज हेर्नु चाहना गर्नु अनि पाउनु साधारण हुन्
तर त्यसको मर्यादा बिना
त्यो पाउनु व्यर्थ हुन्छ
मानिस ठूलो हुनु राम्रो कुरा हो
फेरि, ठूलो मात्र पर्याप्त छैन
व्यक्तित्वमा गहिराइ र विचारमा शुद्धता पनि
आवश्यक हुन्छ
जसले त मानिसलाई महान् बनाउँछ

सोचमा आत्मविश्वास भए
नियतमा सत्यता भए
मानिसले हार्दा हार्दै पनि जित्छ
ऊभित्र सन्तोष भए ऊ स्वत: धनी छ
शान्ति भए निस्फिक्री खुसी छ
यस्तो मानिस सदैव
अनुकूलता र प्रतिकूलताहरूमा निर्विकल्प भएर
जिन्दगीभरि हिँडिरहन्छ

यस्ता असल मानिसले
हिँड्दाहिँड्दै कतै जिन्दगीदेखि नै
नौलो ठाँउमा विश्राम लिए पनि
सो पल ती नौला वस्तीहरू नरोए पनि
आकाश वाणी भएर प्रकृति रुनेछ
ऊ हिँडेको बाटोले उसलाई बोकेर मसान
घाटसम्म लैजानेछ
त्यही छेउका जंगलका मुढा र दाउरा
आफै आएर उसका चिता बन्नेछन्
वन्यजन्तु चराचुरुङ्गी, जंगल र फाँटहरूले भावपूर्ण
समवेदना प्रकट गर्नेछन्
अनि बिहानै झुल्किने घामले
नजिकैको नदी किनारको एक छेउमा आगो
लगाएर दागबत्ती दिनेछ

बाँकी दुनियाँ रुमलिने जित र हार
ताली र गाली
त्यही पद अनि पैसा
प्रतिष्ठा, घर अनि जग्गा
त्यति दिएको, त्यति लिएको अब यति बाँकी
झर्को र फर्को
तेरो र मेरो
यो सब देखेर
अदृश्य काल पनि मुसुमुसु हाँसिरहनेछ
मुसुमुसु हाँसिरहनेछ
मुसुमुसु हाँसिरहनेछ ।

# नौलो यात्रा



रामेश्वर पराजुली
हेटौंडा, ४

सुरु भयो आज एउटा शवयात्रा
ढोकामा उभिएर नहेर्नु
छुट्टै यात्रा हो यो वुर्कि छर्ने हुदैनन
गन्तव्यहीन यात्रामा बाटो देखाउने छैनन
एकोहोरो शंख बज्दैन सुन्ने कान छैनन
पहिल्यै छुटिसके मलामी देखिन्नन्
घाटे रिसाउँछ शुल्क बुझाइन्न
कोरा बसिन्न यहाँहकवाला छैनन
बार्षिकी गर्न तिथी भनि दिने छैनन्
यो कस्तो यात्रा हो सम्झाइदिने छैनन्
नबुझनेको भिड छ सम्झिदिने छैनन्
श्राद्ध गरिन्न यसमा श्रद्धालु छैनन्
कलमको मसि सुकेर जान्छ पढिदिने छैनन
अनन्तको त्यो यात्रा टुंगिने विन्दु छैन
अझै पनि ढोकामा उभिएर हेर्ने थाकेको छैन

**कविता**

# २०७९ को शुभकामना



डा.गाणेशकुमार पौडेल

फूलको बेर्ना झै सर्न सकोस
सर्वत्र शुभाष छर्न सकोस
नयाँ वर्षले मुहार हसाउँदै
दु:ख पिडाजति हर्न सकोस

मुस्कानमा लालि चडोस
लहलह पालुवा बढोस
नयाँ वर्ष आएर बृक्षमा
पुराना पात झरि सडोस

सुशासन खोजेर आएको छ नयाँ वर्ष
भविष्य रोजेर आएको छ नयाँ वर्ष
सबै नेपालको मुहार आएको छ नयाँ वर्ष
अन्धकार छोपेर आएको छ नयाँ वर्ष

अपराधीलाई पारि तर्न नदिन
मुलुकको न्याय मर्न नदिन
नयाँ वर्ष हाम्रोसामु आएको छ
फूलरोपी काँडा सर्न नदिन

# जिद्दि मान्छे



उज्वल दाहाल

उत्साहको गन्तव्यतर्फ
एक पाइला अघि बढ्न
जब खुट्टा उठाउँछु मैले
एक हुल नियतीहरू आइपुग्छन् ठेस लगाउन
पहाडहरूको भारी बोकेर ।
मात्र एउटा सपना देखेर
रहरको उडान भर्नलाई
जब निदाउँछन् मेरा आँखाहरू
मलाई ब्यूँझाउन कर्कश आवाजसहित
बादलले मेरै घरमा चट्याङ पठाउँछ ।

समुद्रको गहिराई नाप्ने महत्वकांक्षाले
नदीसँगै बगिरहेको हुन्छु म
म नदी बनेको देख्न नसकेर
झर्छन् चट्टानहरू मैमाथि, थुनेर मेरो बाटो
मलाई स्थीर ताल बनाउन ।

जिन्दगीका हरेक लडाइँ जित्न
मुटुमा अदम्य साहस बोकेर
जब होमिन्छु म रण मैदानमा
हठात आइपुग्छन् केही मित्रहरू
मेरै पिठ्यूँमा छुरा रोप्न ।
तर म जिद्दी मान्छे
नियतीका पहाड चढिरहेकै छु
आँखामा सपना सजाइरहेकै छु
नदीसँगै निरन्तर बगिरहेकै छु
अहँ! रत्तिभर डराएको छैन, लडिरहेकै छु ।

# कमजोर पटकथाकै निरन्तरता

काठमाडौँ/कमजोर पटकथा नेपाली फिल्मको प्रमुख समस्या नै हो । जति नै राम्रो कथा भए पनि यदि पटकथामा त्यसको खाका बलियो कोरिएन भने पर्दामा कथाको मर्म हराइसकेको हुन्छ । सम्पादनमा जति नै प्रयास गरे पनि आखिरमा फिल्मको कथा त भत्किसकेको हुन्छ । त्यसैले त फिल्मको मेरुदण्ड मानिने पटकथा लेखनमा धेरै समय खर्चन्छन् फिल्मकर्मीहरु ।

तर, नेपालमा पटकथामा भन्दा सुन्दर दृश्यमा फिल्म खिच्न धेरै मिहेनत गरिएको देखिन्छ । नतिजा, पर्दामा हिमाल पहाडका सुन्दर दृश्य समेटिए पनि कथाको सौन्दर्य हराइसकेको हुन्छ । यस्तै फितलो लेखन, अपरिपक्व संवाद, क्लिसे दृश्य, पूरानै ढर्रामा दर्शक हसाउन प्रयोग गरिएको कमेडीको नतिजा बनेको छ फिल्म- 'ए मेरो हजुर ४' ।

अभिनेत्री एवं निर्देशक झरना थापाले आफू अभिनित फिल्म 'ए मेरो हजुर'को ब्रान्डलाई प्रयोग गर्दै यसअघि दुई संस्करण निर्देशन गरिसकिन् । दोस्रो संस्करणमा अभिनेत्री साम्राज्ञी राज्यलक्ष्मी शाह र सलिनमान बनियाँको अभिनय थियो । तेस्रो संस्करणबाट भने अभिनेत्री थापाले आफ्नी छोरी सुहानालाई अनमोलको जोडी बनाउँदै डेब्यु गराइन् । चौथो संस्करणमा यही जोडी दोहोरिएका छन् । यसअघिका सबै संस्करण प्रेमकथामै आधारित थिए । चौथो संस्करणले पनि यही विधालाई पच्छ्याएको छ । फिल्मको कथा नौलो होइन । प्रेम धनाढ्य परिवारका एक्लो छोरा । ठूलो महलमा बस्छन् तर सामान्य क्याफेमा कफी बनाउने काम गर्छन् । एकजना मिल्ने साथी छन् । आर्या भने नेवार परिवारमा हुर्किएकी आधुनिक छोरी । बारमा बसेर 'नेवारीकी छोरी हुँ' भन्दै दनादन रक्सी पिउँछिन्, आवश्यक परे केटालाई झापड लगाउन पनि सक्छिन् । हराएको कुकुर टोनीमार्फत् यी दुई प्रेममा बाँधिदिन्छन् । दुईको प्रेममा आउने समस्या/अवरोध नै फिल्मको बाँकी कथा हो । तर, कमजोर पटकथाकै कारण यो फिल्म फ्रनाको अन्य संस्करणभन्दा माथि उठ्न सकेको छैन ।

फिल्मको पहिलो हाफ प्रेम र आर्याबीचको प्रेम स्थापना गर्नमै खर्च भएको छ । फिल्ममा घरपालुवा जनावर कुकुर (कोको)लाई पनि खुबै महत्वका साथ प्रवेश गराइएको छ । उक्त कुकुरको भूमिका स्थापनामा पनि निकै दृश्य खर्चिएको छ । 'कोको' सँगको प्रेम र आर्याको सम्बन्ध पनि विश्वासिलो ढंगले निर्माण गरिएको छैन । त्यसैले दर्शकलाई करिब आधा घण्टा कुकुरसँगको प्रेम र आर्याको दृश्य झेल्नै मुश्किल पर्छ ।

उनी दुईबीचको प्रेम सम्बन्ध निर्माणमै पनि लामो समय लगाइदिँदा कथाको केन्द्रीय द्वन्द्व पहिलो हाफसम्म प्रस्ट हुँदैन । कोकोका लागि यी दुई अदालतसम्मै पुगेको अनि अदालतमा भएको बहसको दृश्य निकै क्लिसे रुपमा प्रस्तुत गरिएको छ । कुकुरका लागि न्यायाधीश किरण केसीले गरेको निर्णय पत्यारिलो लाग्दैन । फिल्ममा यस्ता थुप्रै अनावश्यक लाग्ने क्लिसे दृश्य प्रयोग भएका छन् । फिल्मकी प्रमुख पात्र आर्या नेवार समुदायकी हुन्छिन् । उनको परिवारले फिल्ममा नेपाल भाषा पनि बोलेको देखाइएको छ ।

तर फिल्ममा नेवारी पात्रहरुले बोल्ने नेवारी लवजमै लापरवाही देखिन्छ । संवादैपिच्छे बोल्ने 'ट-ट'ले मात्र त नेवारी समुदायको प्रतिनिधित्व गर्दैन होला नि ! यद्यपी फिल्ममा आर्याका बुवा, दाजू र हजुरआमाले बोल्ने नेवारी लवजले कानलाई बिझाउँदैन । नेपाली प्रस्टै बोल्न सक्ने आर्याले प्रेमलाई भेट्ने दृश्यपिच्छे 'छुजुला' भनेको कुराले मात्रै उनी नेवारी समुदायकी रहिछिन् भन्ने कुरा कसरी पत्याइदिने ?

फिल्ममा महिलाको चरित्र चित्रणमा उतिकै समस्या भेटिन्छ । फिल्मको एउटा दृश्यमा अभिनेत्री लुनिभा तुलाधर झाँक्रीको भूमिकामा देखिएकी छिन् । पर्दामा छोटो भूमिका पाएकी उनलाई ठग्नकै लागि तन्त्रविद्यामा लागेको पात्रको रुपमा स्थापना गरिएको छ । आफ्नो सहकर्मीमाथि आक्रमण भएपछि उनी छोटो 'स्कर्ट'मै प्रेमका साथीहरुमाथी जाइलागेको दृश्य 'गरुड पुराण'मा म्याक्सी उठाउँदै दौडेको भन्दा फरक छैन । उक्त दृश्यमा उनको शरिरलाई जुन दृष्टिकोण(मेलगेज)मा खिचिएको छ, त्यसले महिला निर्देशकको उक्त हेराइप्रति पनि प्रश्न उठाउन सकिन्छ । जेलको एउटा दृश्यमा टोनीमाथि कुराकानी भइरहँदा यौनकर्मीहरुले गरेको कुराकानीलाई कमेडीकै रुपमा कसरी हेर्न सकिन्छ ?

बलिउडमा पछिल्लो समय महिला निर्देशकले बनाएका महिला मुद्दाका फिल्महरु सकारात्मक चर्चाको विषय बनिरहँदा हामीकहाँ महिलाले बनाउने फिल्ममा महिलाकै चरित्र चित्रण स्टेरियोटाइप हुनु दुर्भाग्य नै हो । फिल्मकी प्रमुख पात्र आर्याले परिवारकै लागि आफ्नो प्रेममा विद्रोह गर्न नसक्ने पात्रको रुपमा उभ्याउनु यसको अर्को उदाहरण हो । लेखनका यी कमजोरीहरु छोप्नलाई अन्तमा फिल्मलाई ढाका विमान दुर्घटनासँ जोडिदिएको छ ।

नेपालको विमान दुर्घटना ताजा घाउ बनेको यो विषयमा वियोगान्त कथा बनाउन थापाले गरेको प्रयासमा थप मिहेनत आवश्यक लाग्छ । फिल्ममा प्रयोग गरिएको ध्वनी, पार्श्व संगीत र पार्श्व ध्वनी भने सबल पक्षहरु हुन् । से-फोक्सुन्डोमा खिचिएको 'फूलको थुंगा'बोलको गीतको दृश्य आँखालाई सितल बनाउने किसिमका छन् । प्रेमको भूमिकामा अभिनेता अनमोल केसीको अभिनय औसत लाग्छ । यही अभिनयले उनलाई आफ्नो स्टारडम जोगाउन हम्मेहम्मे पर्ने पक्का छ । *-साभार: इकान्तिपुर*

# कृषिमा आमूल परिवर्तन जरुरी छ : अर्थमन्त्री

काठमाडौं/अर्थमन्त्री जनार्दन शर्माले कृषिमा आमूल परिवर्तन जरुरी रहेको उनले बताएका छन् । नेपाल आर्थिक पत्रकार संघका पदाधिकारीहरुसँगको भेटमा अर्थमन्त्रीले अर्थमन्त्री शर्माले भने, 'अब कृषिमा रुपान्तरण जरुरी छ, हामीले कम्तिमा साग त रोप्नु पर्‍यो नि !' विद्युत खपतमा समेत ध्यान दिनुपर्ने उनले बताए । अर्को आम्दानीको महत्वपूर्ण श्रोत पर्यटन भएको भन्दै पर्यटन क्षेत्रको विकासका लागि ध्यान दिनुपर्ने बताए ।

यसका लागि पनि सरकारले काम गरिरहेको उनले बताए । संविधान र कानूनको कार्यान्वयनमा पनि धेरै कमजोरी रहेको भन्दै उनले देशमा संघीयता भए पनि अहिले पनि केन्द्रीकृत मानसिकता उनले बताए । जसले गर्दा बजेट कार्यान्वयनमा समस्या रहेको अर्थमन्त्री शर्माको भनाइ छ ।

# मुख्यमन्त्री विवाइसी महिला गोल्डकपको तयारी पूरा




धनगढी/धनगढीमा सुरु हुन लागेको प्रथम राष्ट्रिय मुख्यमन्त्री विवाइसी महिला गोल्डकप फुटबल प्रतियोगिताको तयारी पूरा भएको छ । आयोजक वनदेवी युवा क्लबले पत्रकार सम्मेलन गरी महिला गोल्डकपको तयारी पूरा भएको जनाएको हो ।

वैशाख ३ गतेदेखि १० गतेसम्म धनगढीस्थित रंगशालामा गोल्डकपको आयोजना गरिने क्लबका अध्यक्ष सुसन जोशीले बताए । सुदुरपश्चिम प्रदेश खेलकुद परिषद् मुख्य प्रवर्द्धक रहेको प्रतियोगितामा विभागीय टिमसहित ८ क्लबको सहभागिता रहेको छ ।

अध्यक्ष जोशीले गोल्डकपको विजयी टिमले ट्रफीसहित नगद ५ लाख र उपविजेताले ट्रफी सहित २ लाख ५० हजार रुपैयाँ प्राप्त गर्नेछन् । प्रतियोगिताको प्लेयर अफ दि म्याच ५ हजार, विधागत उत्कृष्टलाई १० हजार र प्रतियोगिताको सर्वोत्कृष्ट खेलाडीले ५० हजार रुपैयाँ हात पार्नेछन् । महिला गोल्डकप सञ्चालनका लागि करिब १ करोड रुपैयाँ खर्च लाग्ने अध्यक्ष जोशीले बताए । -साभार:हाम्रो खेलकुद


Schweizerische Eidgenossenschaft
Confédération suisse
Confederazione Svizzera
Confederaziun svizra
Swiss Agency for Development and Cooperation SDC
स्वीस सरकार विकास सहयोग एसडीसी



के तपाई सीप र ज्ञान भएर पनि बेरोजगार हुनुहुन्छ ?

के तपाईले आफ्नो सीप र ज्ञानको प्रमाणीकरण गराउन चाहनु हुन्छ ?

के तपाईलाई पूर्व सिकाईको मान्यता (RPL) विधिबाट **सीप परीक्षण गर्ने फारम खुलेको** छ भन्ने थाहा छ ?

**फारम भर्ने अन्तिम मिति २०७९ साल बैशाख ४ गते**

आफ्नो सीप र ज्ञानको प्रमाणीकरण गरि थप तालिम र रोजगारको अवसरका लागि सीप परीक्षण गराउनुहोस् ।
थप जानकारी तथा सहयोगको लागि सम्पर्कः
सिटिईभिटि/राष्ट्रिय सीप परीक्षण समिति (NSTB), सानोठिमी, भक्तपुर, 9851163964
बागमती प्रदेश परिषद् कार्यालय, हेटौडा, मकवानपूर,
057-522169, 9855034991, 9867993975
NVQS परियोजनाको प्रादेशिक सहयोग एकाइ, सामाजिक विकास मन्त्रालय,
हेटौडा, मकवानपूर, 057-590526, 9841554156
www.nstb.org.np

Nepal Vocational Qualifications System
swisscontact



## के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

एक बर्षको वारेन्टीका साथै दुई बर्ष फ्रि सर्भिस पनि गरिन्छ प्रिन्टर किन्दा एउटा कार्टेज सित्तैमा लैजानुहोस् ।

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
The complete office solution

Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com



## हार्दिक बधाई



यस टेम्पो तथा मझौला यातायात व्यवसायी संघका उपाध्यक्ष एवम् रुपान्तरित कम्पनी सार्वजनिक मकवानपुर यातायात प्रा.लि.का सञ्चालक **श्री रञ्जना बर्तौला** मिति २०७८/१२/२९ गते सम्पन्न नेपाल यातायात व्यवसायी राष्ट्रिय महासंघको छैठौं राष्ट्रिय अधिवेशनबाट केन्द्रिय सदस्यमा निर्विरोध निर्वाचित हुनु भएकोमा वहाँको सफल कार्यकालको कामना सहित हार्दिक बधाई ज्ञापन गर्दछौं ।

| | |
|---|---|
| दिपेन्द्र कुमार चौलागाई (कार्यालय प्रमुख) | सुरज लिम्बु (फिल्ड ईन्चार्ज) |
| सुनिल श्रेष्ठ (लेखा प्रमुख) | महेन्द्र चापागाई (फिल्ड ईन्चार्ज) |
| निर्मल श्रेष्ठ (कार्यालय सहायक) | विशाल श्रेष्ठ (फिल्ड ईन्चार्ज) |
| सिताराम अर्याल (कार्यालय सहयोगी) | राकेश खत्री (फिल्ड ईन्चार्ज) |
| उमा खड्का (कार्यालय सहयोगी) | दुर्गादास डंगोल (फिल्ड ईन्चार्ज) |

**सार्वजनिक मकवानपुर यातायात प्रा.लि. कर्मचारी परिवार**



## हार्दिक बधाई



यस टेम्पो तथा मझौला यातायात व्यवसायी संघका उपाध्यक्ष एवम् रुपान्तरित कम्पनी सार्वजनिक मकवानपुर यातायात प्रा.लि.का सञ्चालक **श्री रञ्जना बर्तौला** मिति २०७८/१२/२९ गते सम्पन्न नेपाल यातायात व्यवसायी राष्ट्रिय महासंघको छैठौं राष्ट्रिय अधिवेशनबाट केन्द्रिय सदस्यमा निर्विरोध निर्वाचित हुनु भएकोमा वहाँको सफल कार्यकालको कामना सहित हार्दिक बधाई ज्ञापन गर्दछौं ।

| | |
|---|---|
| **लक्ष्मण न्यौपाने** | **ज्ञानेन्द्रबहादुर कार्की** |
| महासचिव | अध्यक्ष |
| **टेम्पो तथा मझौला यातायात व्यवसायी संघ परिवार** | **सार्वजनिक मकवानपुर यातायात प्रा.लि. परिवार** |



## हार्दिक बधाई





**यस टेम्पो तथा मझौला यातायात व्यवसायी संघका उपाध्यक्ष एवम् रुपान्तरित कम्पनी सार्वजनिक मकवानपुर यातायात प्रा.लि.का सञ्चालक श्री रञ्जना बर्तौला, पुरानो नारायणी यातायात प्रा.लि.का श्री अशोक कुमार पोखरेल, नेपाल अटो तथा विद्युतीय यातायात प्रा.लि.का श्री नवराज घिमिरे मिति २०७८/१२/२९ गते सम्पन्न नेपाल यातायात व्यवसायी राष्ट्रिय महासंघको छैठौं राष्ट्रिय अधिवेशनबाट केन्द्रिय सदस्यमा निर्वाचित हुनु भएकोमा वहाँ लगायत सम्पूर्ण नव निर्वाचित सञ्चालक समितिमा सफल कार्यकालको कामना सहित हार्दिक बधाई ज्ञापन गर्दछौं ।**

| | |
|---|---|
| **लक्ष्मण न्यौपाने** | **ज्ञानेन्द्रबहादुर कार्की** |
| महासचिव | अध्यक्ष |
| **टेम्पो तथा मझौला यातायात व्यवसायी संघ परिवार** | **सार्वजनिक मकवानपुर यातायात प्रा.लि. परिवार** |


## मालपोत कार्यालय मकवानपुरबाट

### मितिः २०७८/१२/२२ मा जारी भएको नामसारीको हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

निवेदक चन्द्रबहादुर लामिछानेसमेत ५ जना छोरा/नाती ज.ध. पूर्णबहादुर खत्री
यसमा जिल्ला मकवानपुर साविक ईपा उखुबारी गाविस वडा नंवर २ घ को कि.नं.२० को क्षेत्रफल ज.रो. ९-८-०-० जग्गाधनी तथा आफ्नो बाबु/बाजे पुर्णबहादुर खत्रीको मिति २०४६/०७/१९ मा मृत्यू भएको, जग्गाधनीले मालपोत कार्यालय मकवानपुरबाट मिति २०४५/१२/२८ मा साविक ईपा उखुबारी गाविस वडा नंवर ७ घ को कि.नं. १२ को क्षेत्रफल ज.रो. १३-१३-१-० जग्गा राजिनामा गरी कृष्णबहादुर खत्रीलाई विक्री गरेकोमा भुलवस निज पुर्णबहादुर खत्रीको नाममा दर्ता कायम रहेको साविक ईपा उखुबारी गाविस वडा नंवर २ घ को कि.नं. २० को क्षेत्रफल ज.रो. ९-८-०-० समेत खारेज हुन गएको, निज बाबु/बाजे पुर्णबहादुर खत्रीको मिति २०४६/०७/१९ मा मृत्यू भएको निज जग्गाधनीको एकमात्र पत्नी सुनमाया लामिछानेको पनि मिति २०६९/०१/०७ मा मृत्यू भएको, निज जग्गाधनी र निजको पत्नीको दाम्पत्य जीवनबाट ६ भाई छोराहरुको जायजन्म भएकोमा जेठो छोरा गोवर्धन लामिछानेको मिति २०७६/०८/१५ मा मृत्यू भएको र निज गोवर्धन लामिछानेको एकमात्र पत्नी गोमा खत्रीको पनी मिति २०७६/०९/१६ मा मृत्यू भएको र निज गोवर्धनको ३ छोराहरु राजेश लामिछाने, राजकुमार लामिछाने, भीमकुमार लामिछाने भएको, जग्गाधनीको माईलो छोरा कमलबहादुर लामिछाने अविवाहित अवस्थामा मिति २०२२ साल देखि नैव वेपत्ता भएकोले उल्लेखित जग्गाको श्रेस्ता कायम गरी जग्गाधनीको४ छोराहरु चन्द्र ब. लामिछाने, केदार लामिछाने, भरत कुमार खत्री, राजकुमार लामिछाने र १ नाती राजेश लामिछाने गरी ५ जनाको नाममा नामसारी गराई पाँउ भनी भीमफेदी गाउँपालिका ८ नंवर वडा कार्यालयको च.नं. ३४४ मिति २०७८/११/०३ को सिफारिस, वडा सर्जमिन मुचुल्का, नाता प्रमाणित प्रमाणपत्र, मालपोत तिरेको रसिदसमेत पेश गर्नु भई सहि सनाखत समेत भएकोमा वडा कार्यालयको सिफारिससहित मिसिल संलग्न कागजातहरुको अध्ययन गर्दा यस कार्यालयबाट मिति २०४५/१२/२८ को र.नं. ३२१४ मा पुर्णबहादुर खत्रीको नामबाट ईपा उखुबारी वडा नंवर २ घ को कि.नं. १२ मा राजिनामा पारित भएको देखिएको तर श्रेस्तामा ऐ ऐ को कि.नं.२० को क्षेत्रफल ज.रो. ९-८-०-० समेत काटिएको देखिएको, उल्लेखित कि.नं २० अन्य व्यक्तिको नाममा श्रेस्ता कायम भएको देखिन नआएको, जग्गाधनीको माईलो छोरा मिति २०२२ सालदेखि अविवाहित वेपत्ता भएको देखिन आएकोले जग्गाको हकभोग, हकदारहरु, बेपत्ता भएको छोराको अवस्था, पालन पोषण र सदगदको सम्बन्धमा ३५ दिने सार्वजनिक सूचना राष्ट्रिय दैनिक पत्रिकामासमेत प्रकासित गरी सूचना टाँसको जानकारी तथा सूचना प्रकासित भएको पत्रिका प्राप्त भई म्याद भुक्तान भए पछी पेश गर्ने भनी भएको आदेश बमोजिम यो पैंतीस दिने सार्वजनिक सूचना प्रकासित गरिएको छ ।

अत: निवेदकको मागदावी सत्य नभई झुठा भए वा जग्गाधनी पुर्णबहादुर खत्रीले साविकमानै कोही कसैलाई कुनै प्रकारले हक हस्तान्तरण वा बिक्री गरेको भए वा उल्लेखित जग्गाको निवेदकले मागदावी गरेको भन्दा अन्य हकदारहरु पनि भएमा वा जग्गाधनीको पालनपोषण र सदगद अरुलेनै गरेको भए वा श्रेस्ता कायम गरी निवेदकको नाममा नामसारी गर्दा कुनै सरकारी, सार्वजनिक, सामुदायिक, व्यक्तिगत वा अन्य जग्गा तथा संरचनामा प्रतिकुल असर पर्ने भए वा निवेदकको माग बमोजिम नाम सारी हुनु/गर्नु नहुने कुनै कारण भए यो सूचना प्रकासित/जारी भएको मितिले पैंतीस दिन भित्र मालपोत कार्यालय मकवानपुरमा स-प्रमाण दाबी-उजुरी गर्न आउनुहोला । अन्यथा निवेदकको नाममा नामसारी भई जानेछ । पछि कुनै उजुरबाजुर लाग्ने छैन ।

*ईति संवत २०७८ साल चैत्र महिनाको १ गते रोज ३ शुभम .......*




# ADMISSIONS OPEN

**FROM NURSERY TO GRADE IX**

**FOR ACADEMIC SESSION 2079**

*for limited seats only*

**Scholarship Test : 10 Baishakh 2079**

**APPLY ONLINE**

*www.admission.hetaudaacademy.edu.np*

**FOR MORE DETAILS**
057-525548, 9847106642

HETAUDA ACADEMY
RESIDENTIAL SECONDARY SCHOOL
Sahid Smarak, Hetauda-11, Makawanpur, Nepal
Tel: 057-525548, 525547, 523547
Web: www.hetaudaacademy.edu.np
Email: info@hetaudaacademy.edu.np



## Security Security Security
## G15 Security SDNBHD Malayasia

G15 Security — पूर्व स्वीकृति मिति : २०७८।१२।२९ चलानी नं. ६०/१७/७८/४७ LT No. 261585

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्न सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Security Guard | 50 | 00 | कामना छ | 1200 | 35000 | कम्पनी नियम अनुसार | ८ घण्टा | ६ दिन | कम्पनी नियम अनुसार | छैन | छ | २ बर्ष |

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने / नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैंले | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. १,५००/- कामदार आफैंले | रु. ७००/- कामदार आफैंले | नि:शुल्क |

**फाइनल अन्तरवार्ता २०७९ वैशाख ९ गते शुक्रबार आइल्याण्ड जंगल रिसोर्ट चितवनमा कम्पनीका प्रतिनिधिद्वारा हुँदैछ ।**

**बैदेशिक रोजगार विभागबाट गराईएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाईनुहोला । बुझाएको रकमको अनिवार्य रुपमा भरपाई लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपालको कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस् । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन सूचनामा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखीकरण वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला । सोको १ (एक) प्रति आफूसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा बैदेशिक रोजगार विभाग बुद्धनगर, नयाँ बानेश्वरमा सम्पर्क राख्नुहोला ।

श्रम ई. पत्र नं.: १०३९/०७३/०७४

**Sky of the World Manpower Pvt. Ltd**
Tilganga-9, Kathmandu, Phone :4491316, 980717870
**Chitwan Contact : 9855063454, 9806595102**
नोट : X-Army and र X-police लाई प्राथमिकता दिइनेछ ।

# एक वर्षमा दुर्घटनामा परि प्रदेशभरिका ३ सय ६० जनाको मृत्यु

साझाकुरा संवाददाता

हेटौंडा, २ वैशाख/गएको एक वर्षमा सवारी दुर्घटनामा बागमती प्रदेशका ३ सय ६० जनाले ज्यान गुमाएका छन् ।

बितेको २०७८ सालमा बागमती प्रदेशमा एक हजार ६ सय ४७ दुर्घटनामा परि ३ सय ६० जनाले ज्यान गुमाएका हुन् । बागमती प्रदेश ट्राफिक प्रहरी कार्यालयका अनुसार काठमाडौं, भक्तपुर र ललितपुर बाहेकका १० जिल्लामा भएको दुर्घटनामा परी उनीहरुले ज्यान गुमाएका हुन् । कार्यालयका प्रमुख प्रहरी उपरिक्षक सुशिलसिंह राठौरका अनुसार एक हजार ६४७ दुर्घटना हुँदा उनीहरुको मृत्यु भएको हो । यस्तै तीन हजार ३ सय ८९ जना घाइते भएका छन् । घाइतेमध्ये दुई हजार ५ सय २० सामान्य र ८ सय ६९ जना गम्भीर घाइते भएको कार्यालयको तथ्याङ्ले जनाएको छ । गत वर्ष वैशाखमा भएको १ सय ३५ दुर्घटनामा परी ३४ जनाको मृत्यु भएको थियो । ती दुर्घटनामा २ सय ३१ घाइते भएका थिए । जेठमा भएका ८७ दुर्घटनामा परी १९ जनाको मृत्यु भएको छ भने १ सय ३० घाइते भएको कार्यालयको तथ्यांकमा उल्लेख छ ।

कार्यालयका अनुसार असारमा भएका १ सय २३ दुर्घटनामा परी १८ जनाको मृत्यु भएको थियो । सोही दुर्घटनामा २ सय १२ घाइते भएका थिए । साउनमा १ सय ५० दुर्घटनामा २४ जनाको मृत्यु भयो भने २ सय ४२ घाइते भएका छन् । यस्तै भदौमा भएका १ सय १८ दुर्घटनामा परी २२ जनाले ज्यान गुमाएका थिए । दुई सय ७८ जना घाइते भएका थिए । असोजमा भएका १ सय ५८ दुर्घटनामा ३६ जनाले ज्यान गुमाए भने ३ सय ७५ जना घाइते भएका थिए ।

कात्तिकमा भएका १ सय ६३ सवारी दुर्घटनामा ४ सय ३७ जना घाइते भएका थिए भने ४१ ज्यानले ज्यान गुमाएका छन् । मंसिरमा भएका १ सय ५५ दुर्घटनामा ३५ जनाको मृत्यु भएको थियो । सोही दुर्घटनामा ३ सय ६३ घाइते भएका छन् । पुसमा भएको दुर्घटनामा ३१ जनाको मृत्यु भएको छ । एक सय १४ दुर्घटनामा २ सय २० जना घाइते भएका थिए । माघमा ३४ जनाको सवारी दुर्घटनामा परी मृत्यु भएको छ भने १ सय २२ दुर्घटनामा १ सय ७७ जना घाइते भएका छन् । फागुनमा भएका १ सय ७५ दुर्घटनामा परी ३४ जनाले ज्यान गुमाएका छन् भने ३ सय ८९ घाइते भएका छन् ।

चैतमा भएका १ सय ४७ दुर्घटनामा ३२ जनाले ज्यान गुमाएको कार्यालयले जनाएको छ । कार्यालयका अनुसार सोही दुर्घटनामा परी ३ सय ३५ घाइते भएका छन् । बागमती प्रदेशमा वर्षभरि भएका दुर्घटनामा दुई हजार ४ सय ७ सवारीसाधन परेका छन् । ती दुर्घटनामा सबैभन्दा बढी मोटरसाइकल परेको कार्यालयको तथ्यांकले देखाएको छ । कार्यालयका प्रमुख राठौरका अनुसार एक हजार २ सय १ मोटरसाइकल दुर्घटनामा परेका हुन् । यस्तै जीप, कार र भ्यान ३६३, ट्रक, टयांकर ३ सय २, बस १ सय ६१, ९७ टिपर, ८४ ट्र्याक्टर, ७३ ट्याम्पो, ६४ शारीरिक शक्तिबाट चल्ने, ३४ माइक्रो र २८ अन्य सवारीसाधन दुर्घटनामा परेको उनले बताए ।

# नवसर्जक साहित्य चौतारीको कार्यालय स्थापना




हेटौंडा, २ वैशाख/ नवसर्जक साहित्य चौतारी नेपालले आफ्नो केन्द्रीय कार्यालय हेटौंडामा स्थापना गरेको छ ।

चौतारीकी अध्यक्ष प्रसन्ना चौलागाईंको अध्यक्षता तथा सर्जक सञ्जाल मकवानपुरका संयोजक निमेष निखिलको प्रमुख आतिथ्यतामा कार्यालयको उद्घाटन गरिएको हो ।

कार्यालय स्थापनाका लागि चौतारीका महासचिव समर्पण न्यौपानेका पिता तथा सल्लाहकार एवम् पुरस्कार संस्थापक विष्णु न्यौपानेले आफ्नै निवासमा कोठा उपलब्ध गराएका छन् ।

नवसर्जक साहित्य चौतारी नेपालकी अध्यक्ष चौलागाईं, प्रमुख अतिथि निखिल तथा चौतारीका संरक्षक दीपक गौतमले संयुक्त रुपमा बोर्ड अनावरण तथा महासचिव समर्पण न्यौपानेलाई नेम प्लेट हस्तान्तरण गरेर कार्यालय उद्घाटन गरिएको थियो । २०७७ जेठ १ गतेदेखि साहित्यिक अभियन्ता दीपक गौतमले नवसर्जक केन्द्रित अनलाइन साहित्यिक प्रशिक्षण अभियान आरम्भ गरी २०७७ पुस ११ गते बालबालिकाको नेतृत्वमा कार्यसमिति गठन गरेको थियो ।

चौतारीले हालसम्म १ सय ५० भन्दा बढी भर्चुअल कार्यक्रम सम्पन्न गरिसकेको छ । देशका सात वटै प्रदेश तथा विदेशमा समेत शाखा विस्तारको अन्तिम चरणमा रहेको चौतारीले वैशाख पहिलो हप्ता देशभरका ७ वटै प्रदेशमा प्रादेशिक समिति घोषणा गर्ने तयारीसमेत गरेको छ । कार्यक्रममा चौतारीका सल्लाहकारहरु रमेशमोहन अधिकारी, डिबी बर्तौला, विष्णुप्रसाद न्यौपाने, अर्चना दाहाल, मातृभूमि साहित्य समाजका अध्यक्ष माधव पोखरेल, सिस्नुपानी नेपाल मकवानपुरका अध्यक्ष राजकुमार लामिछाने, प्रगतिशील लेखक संघ मकवानपुरका अध्यक्ष श्रीराम अधिकारी, सेवानिवृत्त शिक्षक समाज मकवानपुरका सदस्य जनार्दन खनाल, प्राध्यापक जयराम गौतम, साहित्यकारहरु एसके निधन, सुनिल गौतम, धर्मराज स्याङ्तानलगायतको उपस्थिति थियो ।

# किरियापुत्री भवन निर्माणको शिलन्यास

साझाकुरा संवाददाता



हेटौंडा, २ वैशाख/ हेटौंडा-४, कर्रामा किरियापुत्री भवन निर्माणको शिलन्यास गरिएको छ ।

जग्गा दाता गणेश कुमारी देउलाको प्रमुख आतिथ्यता तथा बागमती प्रदेशसभा सदस्य जुनेली श्रेष्ठको उपस्थितिमा बिहिबार किरियापुत्री भवन शिलान्यास गरिएको हो ।

देउलाले आफ्ना पतिको स्मृतिमा किरियापुत्री भवनका लागि ७ धुर जग्गा दान गरेकी हुन् । किरियापुत्री भवन निर्माणका लागि बागमती प्रदेशसभा सदस्य श्रेष्ठले सांसद विकास कोषबाट १० लाख रुपैयाँ उपलब्ध गराएकी छन् । यस्तै श्रमिक माविले सप्ताह लगाउँदा किरियापुत्री भवनका लागि भनेर उपलब्ध गराएको एक लाख ५० हजार रुपैयाँ हाल व्याज आम्दानी भएर दुई लाख १८ हजार रुपैयाँ पुगेको उपभोक्ता समितिका अध्यक्ष भट्टराईले जानकारी दिए । तीन कोठे किरियापुत्री भवन निर्माण गरिने भन्दै भट्टराईले नपुग रकम हेटौंडा उपमहानगरपालिकाबाट उपलब्ध हुने अपेक्षा गरिएको जानकारी दिए । शिलान्यास कार्यक्रममा हेटौंडा-४ का वडाध्यक्ष नवीन सिग्देल, सामाजिक संस्कार समितिका अध्यक्ष अम्बर लामा, निर्माण उपभोक्ता समितिका अध्यक्ष अजीव भट्टराईको उपस्थिति रहेको थियो ।


## पार्टी गर्दै हुनुहुन्छ ?

शुभ-विवाह, ब्रतबन्ध, हरेक प्रकारका पार्टी, सभा, सेमिनार तथा गोष्ठीका लागि हामीलाई सदैव सम्झनुहोस् ।

**जय गणेश पार्टी प्यालेस प्रा.लि.**

हेटौंडा उपमहानगरपालिका-५, अब्बलडाँडा
सानोपोखरा, मकवानपुर
९८५५०२७५१२ (अनिष वाग्ले)

## जैविक मलका फाइदाहरू

रासायनिक मल तथा रासायनिक विषादिले बालीनालीको विकास केही हद्सम्म गरेको भएता पनि केही समयको लगातार प्रयोगपछि त्यसले माटोमा भएको प्रभावकारी जीवाणुहरुलाई प्रदुशित बनाई इन्जाईम प्रकृयालाई अबरुद्ध गरेको छ, जसको कारणले माटोमा भएका सबै प्रकारका प्रभावकारी जीवाणु व्याक्टेरियाको विनास भई माटो अम्लीय हुने, माटोमा पानी अड्ने क्षमतामा ह्रास आई चिस्यान कम हुने, बिरुवाको जरा माटोमा प्रभावकारी तरिकाले फैलन नपाउने, बिरुवाले आवश्यक खाद्यतत्व पूरा गर्न नसकी बिरुवा कमजोर हुने, बढ्दो जलवायु परिवर्तन र सो ले पारेको पर्यावरणीय असरमा कमी नआउने, वातावरण प्रदषित क्रम बढ्दो मात्रामा रहने, विभिन्न प्रकारका रोगहरु लाग्ने तथा किरा नियन्त्रणको लागि रासायनिक विषादि प्रयोग गर्दै जाँदा ती शत्रु जीवाणुहरुमा विष पचाउने क्षमतामा बृद्धि भई प्रत्येकपटक विषादिको मात्रा बढाउँदै लैजानुपर्ने अवस्था, जसको कारण आज मानिस प्रत्येक खाद्य सामग्री कृषि उपज विषादियुक्त खान बाध्य छ । फलस्वरुप मानवमा विभिन्न प्रकारका रोगहरुको महामारी फैलिएको छ ।

*त्यसैले जैविक मल नै प्रयोग गरौं ।*
*स्वस्थ कृषि उपज उत्पादनमा जोड दिऔं*

पाइने स्थान:
**सामुदायिक कृषि सहकारी संस्था लि.**
हेटौंडा-८, कमाने
९८५५०६९०८६ राजेन्द्र ढकाल

## HETAUDA CITY HOSPITAL PVT.LTD.

*Hetauda-1, Sub-metropolitan*
***Phone: 057-520315***

**VACANCY ANNOUNCEMENT**

Our Organization is seeking Applications from Qualified, Energetic and Experienced Candidates for the Following Designations.

| S.No. | Designation | No. | Salary (Rs) | Min. Qualifications |
|---|---|---|---|---|
| 1 | Staff Nurse | Few | 14000-18000 | PCL/NHPC registered |
| 2 | CMA/ANM | Few | Negotiable | TSLC |
| 3 | Receptionist | Few | Negotiable | +2 completed |

Experience, Performance, Dedication and Professionalism will be taken into consideration Interested individuals are to submit their update curriculum vitae with in 10 days of the first publication of this notice.




**गोर्खाली ट्रेड एण्ड सप्लायर्स**
हेटौंडा-४, रजतजयन्ती, ,फोन: ९८४१७७१६६४, ९८५५०३१६६४

## नयाँ वर्षको शुभकामना

नयाँ वर्ष २०७९ को अवसरमा समस्त उपभोक्ता, बिक्रेता, शेयर सदस्य, कर्मचारी, मजदुरवर्ग, शुभेच्छुक तथा शुभचिन्तकमा सुख, शान्ति, समृद्धि र दीर्घायुको कामना गर्दै हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।




**शिवम् सिमेन्ट लिमिटेड परिवार**
हेटौंडा, मकवानपुर

## हेटौंडालाई Green City बनाउने उद्देश्यसहित सुन्दर नगरी हेटौंडामा बिक्री

# शुभारम्भ

YADEA e-SCOOTERS






**Offer**
**रू.१०,०००।- नगद छुट**

YADEA e-SCOOTER का विशेषताहरु:
- Full Charge गर्न ४-५ घण्टा लाग्ने ।
- Full Charge ले १०० किमी कुद्ने ।
- २००० वाट क्षमता भएकोले एकपटक Full Charge गर्दा १.५ युनिट विद्युत् खपत ।
- ट्यूबलेस टायर
- ब्याट्रिमा एक वर्ष वारेन्टी

**बर्षा ई-अटोमोबाइल्स**
हेटौंडा-२, चौकीटोल (भाटभटेनी नजिकै)
प्रो. सबी भण्डारी ९८५५०६७४६०

**www.sajhakuranews.com**

साझाकुरा

"तपाईं, हामी सबैको कुरा "
हामी तपाईंहरुकै माझमा छौं, पाठकको चाहनालाई मध्यनजर गर्दै परिष्कृत ढंगले अघि बढ्दैछौं ।


साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना